# शाह कालीन नेपाली मुद्राका विशेषताहरू

**डा. सुशीलकुमार अधिकारी**
उपप्राध्यापक, नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
**केदार ओझा**
सहायक प्राध्यापक, नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
Email : adhikarisushil2024@gmail.com

**लेखसार**

प्रस्तुत लेख शाह कालीन नेपाली मुद्राका विशेषताहरूको विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धान विधि तथा सङ्कलित सामग्रीमा उपलब्ध विषयवस्तुको विश्लेषणमा आधारित रहेकाले यो विषयवस्तु विश्लेषणकेन्द्री अध्ययन हो । यस लेखका सामग्रीको सङ्कलन पुस्तकालयबाट भएको छ । पुस्तकालयबाट सङ्कलित द्वितीयक स्रोतमा अधारित यस लेखमा आधुनिक नेपाली राजनीतिक इतिहासमा नेपाली मुद्राका विशेषताका विषयमा विमर्श भएको छ । नेपाली मुद्राको इतिहास दोलखाली राजा इन्द्रसिंहदेवको पालामा आरम्भ भई मल्लकालीन समयमा यसको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहिचान स्थापित भएको हो । नेपाली मौद्रिक प्रणालीसँग सम्बन्धित ऐतिहिसक दस्तावेजका आधारमा हेर्दा तत्कालीन शासकको सर्वोच्च तहमा रहने राजा, राजपरिवारका अन्य विशिष्ट सदस्य तथा महासामन्तका नाममा टकमरी गर्ने प्रचलनको स्थापना र गतिशीलता पाइन्छ भने शाहकालीन मुद्रा राजाका नामबाट टकमरी भई प्रचलनमा आएका छन् । शाहकालीन नेपाली मुद्रा पूर्ववर्ती शासककै निरन्तरताका रूपमा धातुका मुद्राका साथै कागजी संरचनामा मुद्रित छन् । शाहकालीन नेपाली मुद्रा गोलाकार, राजाको नामाङ्कन,मुद्रा प्रकाशन भएको मिति, देवनागरी लिपिको प्रयोग, धार्मिक तथा इष्ट देवताको नामाङ्कन, राजा, नायबी, युवराज र राजमाता आदिको नाममा मुद्रा निष्कासन, प्रत्येक मुद्राको मूल्य अङ्कन, मुद्रा निष्कासनका लागि यन्त्रको उपयोग, आलङ्कारिक र कलाकारितापूर्ण मुद्रा ढाँचाको उपयोग, नेपाली भाषा विकासको ऐतिहासिक प्रभावजस्ता विशेषताका आधारमा पहिचान र अस्तित्वका साथ प्रचलनमा आएका छन् । यस लेखमा शाहकालीन नेपाली मुद्राका उपर्युक्त विशेषताका सम्बन्धमा विश्लेषण र संश्लेषण भएको छ ।

*शब्दकुञ्जी* : राजा, अर्थव्यवस्था, राजनीतिक इतिहास, मूल्य अङ्कित मुद्रा

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८१/०४/१२, लेख पुनरावलोकन मिति : २०८१/०५/२३, लेख स्वीकृत मिति : २०८०/०७/१६ । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index
DOI: https://doi.org/10.3126/vaikharivani.v2i1.73143 Copy right (c) 2025 Vaikharivani. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

नेपालमा लिच्छवि कालका श्रीमानाङ्क वैश्रवण, गुणाङ्क, पशुपति, वृषजस्ता प्रसारकका नामाङ्कन नभएका तथा अंशुवर्मा र जिष्णु गुप्तका तामाका साँचोको प्रयोग गरी निर्माण गरिएका गोलाकार मुद्रा पाइएका छन् । यस्तै मध्य कालका शिवका नामक सुनका, द्रम्म नामक चाँदीका र अर्को एक प्रकारका तामाका मुद्रा बाहेक कुनै प्रकारका मुद्रा पाइएका छैनन् । उत्तर मध्य कालमा यक्षमल्लको मृत्युपछि केन्द्रमा यक्षमल्लका छोराहरूको कलह र विखण्डनको फाइदा उठाएर नेपालबाट अलग्गिएर स्वतन्त्र भएको काठमाडौँ उपत्यकाभन्दा पूर्वतिरको दोलखाका राजा इन्द्रसिंहदेवका ११ मास भारका शुद्ध चाँदीका गोलाकार मुद्रा पाइएका छन् (ढुङ्गेल र प्रधानाङ्ग, २०५६, पृ. २०५) । इन्द्रसिंहदेवका चाँदीका मोहरको निष्काशन भएको करीब बीस वर्षपछि विखण्डित नेपाल उपत्यकाभित्रका कान्तिपुरका महेन्द्र मल्लले भारतीय मुगल मुद्रासँग तौल, विनिमय दर, आकार सबै मिलाएर ११ मासा वजनकै शुद्ध चाँदीका मोहर मुद्रा निष्काशन

गरे । महेन्द्र मल्लका मोहर मुद्राको निष्काशनपछि कान्तिपुरको उद्योग, व्यापार सबै क्षेत्रमा उन्नति हुनुका साथै तिब्बतसँगको व्यापारमा समेत विस्तार भयो । यसको देखासिकीमा भादगाउँ र पाटनका मल्ल शासकहरूले पनि आ-आफ्ना नामबाट स्वतन्त्र मुद्रा निष्काशन गरे । पछिल्लो समयमा मल्ल शासकहरूले रानी, राजमाता, भारदार, एवम् आफ्ना बितेका पुर्खाहरू समेतका नाम अङ्कन गराई मुद्रा निष्काशन गरेको पाइएको छ । मल्ल शासकहरू आफ्नो मुलुकका लागि मात्र मुद्रा टकमरी नगरी तिब्बतबाट सुनचाँदी आयात गरी तिब्बतका लागि समेत चाँदीका मोहर टकमरी गरिदिने गर्दथे । कर्कपेट्रीकका अनुसार यस कार्यबाट मल्ल शासकहरूलाई वार्षिक १ लाख रूपैयाँ फाइदा हुन्थ्यो । तर डिल्लीरमण रेग्मीले एक लाखमात्र नभएर वार्षिक लाख फाइदा हुने उल्लेख गरेका छन् (पेट्रिक, सन् १९८६ , पृ. २११) । यस आधारमा नेपाली मुद्रामा प्रयोग भएका मूल्य र तिनका विषयको ज्ञान हुन्छ ।

मध्य कालको उत्तरार्द्धतिर नेपालभित्र काठमाडौं उपत्यकाका कान्तिपुर, भादगाउँ र पाटन लगाएत ५ दर्जन जति राज्यहरू रहेका थिए । जसमध्ये' करीब १ दर्जन जति राज्यहरू शाहवंशीय राजाहरूका अधीनमा थिए (रेग्मी, सन् १९६६, पृ. ५३०) । तर उपत्यकाभित्रका कान्तिपुर, भादगाउँ र पाटनबाहेक कुनै पनि राज्यले मुद्रा निष्काशन गरेको देखिदैन । पृथ्वीनारायणा शाह गोरखाको राजा भएपछि मात्र उपत्यका बाहिरका राज्यहरूमा पहिलो पटक गोरखा राज्यले मल्ल मुद्राका समान चाँदीका मोहर निष्काशन गरेको थियो । आफू राजा हुनु अगावै केही समय उपत्यकामा बसी त्यहाँको सम्पूर्ण वस्तुस्थितिको जानकारी हासिल गरेका पृथ्वीनारायण शाहले मल्ल मुद्रा र मुद्राकै कारण मल्ल शासकहरूले तिब्बतबाट गर्ने फाइदाका बारेमा पनि राम्रै जानकारी लिएका हुन् । त्यसैले गोरखा राज्यको विस्तारका क्रममा पूर्व बढ्दै जाँदा उपत्यका र तिब्बतबीच चल्ने व्यापारको मुख्य नाका नुवाकोट आफ्नो नियन्त्रणमा आएपछि उक्त नियन्त्रणको सदुपयोग गरेर तिब्बतसँगको व्यापारबाट फाइदा उठाउने उद्देश्य राखी पृथ्वीनारायण शाहले सर्वप्रथम वि. सं. १८०६ (ई. १७४६) मा आफ्नो नामबाट मोहर मुद्रा निष्काशन गरेका थिए (थापा र अन्य, २०५४, पृ. ४४२) । मल्ल शासकहरूझैं आफू पनि मुद्रा तिब्बत निर्यात गरी मुनाफा आर्जन गर्न लालायित पृथ्वीनारायण शाहले कान्तिपुरका राजा जयप्रकाश मल्लसँग कान्तिपुर र गोरखा दुवै राज्यले एउटै स्तर, तौल र आकारका मुद्रा टकमरी गरी दुवै मुलुकका मुद्रा तिब्बत पठाउने र प्राप्त हुने मुनाफा बराबरी बाडेर लिने सम्झौतासमेत गरेका थिए (थापा र अन्य, २०५४, पृ. ४४२) । यसरी काठमाडौं उपत्यका बिजयभन्दा अगाडि गोरखाका शाहवंशी राजा पृथ्वीनारायण शाहले मल्ल शासकहरूका सदृश चाँदीका मोहर निष्काशन गरेको देखिन्छ ।

काठमाडौं विजयपश्चात् नेपालको प्रथम शाहवंशी राजाको हैसियतबाट पनि पृथ्वीनारायण शाहले मल्लमुद्रासरी तौल मिलाएर चाँदीका मोहरका साथ साथै डबल मोहर, सुकी, मूल्यका मुद्रा तथा केही सुनका मुद्रा पनि निष्काशन गरेका थिए । तर आरम्भदेखि नै आफ्ना मुद्रालाई मल्ल मुद्राभन्दा भिन्न देखाउन देवनागरी लिपि र शक सम्वतको प्रयोग गरेका थिए (रोड्स र अन्य, सन् १९८९, पृ. ११९) । मल्ल मुद्रामा आरम्भदेखि नै नेवारी लिपि र नेवार सम्बत् (नेपाल सम्बत) को प्रयोग हुँदै आएको थियो । पृथ्वीनारायण शाहले रानी नरेन्द्रलक्ष्मीको नामबाट समेत मुद्रा निष्काशन गरेको पाइएको छ । वि. सं. १८३१ मा पृथ्वीनारायण शाहको देहवसान भएपछि जेठा छोरा प्रतापसिंह शाह नेपालका राजा भए । प्रतापसिंह शाहको नामबाट सुन, चाँदीका विभिन्न मूल्यका मुद्रा निष्काशन भएका थिए । यिनको समयमा रानी राजेन्द्रलक्ष्मीको नामबाट समेत मुद्रा निष्काशन भएका थिए । प्रतापसिंह शाहपछि क्रमशः रणबहादुर शाह, गीर्वाणयुद्ध विक्रम शाह राजेन्द्र विक्रम शाह नेपालका राजा भए । तीनै राजाका सुन चाँदीका विभिन्न मूल्यका मुद्रा प्राप्त छन् भने रानीका नामका मुद्रा समेत पाइएका छन् । वि. सं. १९०४ मा जङ्गबहादुरले राजेन्द्रविक्रम शाहलाई पदच्युत गरी सुरेन्द्रविक्रम शाहलाई नेपालको राजा बनाए । सुरेन्द्रको समयमा सुन, चाँदीका अतिरिक्त तामाका मुद्रा पनि निष्काशन भए । सुरेन्द्रको शासनकालमा रानीहरूका अतिरिक्त युवराज त्रैलोक्यका नामबाट पनि मुद्रा टकमरी भएका थिए । यिनका तामा केही मुद्रामा नेपालकै इतिहासमा पहिलो पटक 'नेपाल सरकार' अभिलेख उत्कीर्ण भएको पाइन्छ । वि.सं. १९३८ मा सुरेन्द्र विक्रम शाहको मृत्यु भएपछि यिनका नाति पृथ्वीवीरविक्रम शाह (स्व. युवराज त्रैलोक्यका छोरा) नेपालका राजा भए । पृथ्वी वीरविक्रम शाहको समयमा सुन, चाँदी र तामाका धेरै थरि मुद्रा निष्काशन भए । यिनका ताम्र मुद्रामा नेपालकै इतिहासमा प्रथमपटक विक्रम सम्बत्को प्रयोग भएको छ । यस्तै यिनका ताम्र मुद्रामा

पहिलो पटक राजाका लागि श्री ५ प्रयोग हुनुका साथै 'गोर्षा सर्कार' अभिलेख उतीर्ण भएको पाइन्छ। वि. सं. १६६८ मा पृथ्वी वीरविक्रम शाहको देहान्त भएपछि त्रिभुवन वीरविक्रम शाहलाई नेपालको राजा बनाइयो। त्रिभुवनको समयमा सुन, चाँदी, तथा तामाका धेरै थरि मुद्रा निष्काशन भए। त्रिभुवनका सबै प्रकारका मुद्रामा विक्रम सम्बत्को प्रयोग भाएको छ। त्रिभुवनको समयमा राजमाता लक्ष्मीदिव्येश्वरीका नामबाट पनि मुद्रा निष्काशन भएका थिए (जोशी, २०४२, पृ. ११५)। २००७ साल कार्तिक २१ गते नेपालबाट जहानियाँ राणा शासनको अन्त गर्ने क्रममा त्रिभुवनको भारत सवारी भएपछि तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरले त्रिभुवनलाई पदच्युत गरी उनैका माहिला नाति ज्ञानेन्द्रलाई नेपालको राजा बनाए। ज्ञानेन्द्रको नामबाट पनि सुन, चाँदीका मुद्रा निष्काशन भए। यसै साल फागुनमा राणा शासनको अन्त एवम् प्रजातन्त्रको स्थापना भएपछि त्रिभुवनका पुनः भादगाउँले टोपी, लगाएको आवक्ष आकृति अङ्कित सुन, चाँदीका मुद्रा निष्काशन भए। त्रिभुवन पछि २०११ फागुन १७ गते महेन्द्र वीरविक्रम शाहदेव नेपालको राजा भए। महेन्द्रको समयमा सुन, चाँदी, तामा, कुप्रोनिकत (तामा र निकल मिश्रित धातु) आल्मुनियम र पित्तल धातुका धेरै मूल्य र प्रकारका मुद्रा निष्काशन भए। महेन्द्रको समयमा वडामहारानी रत्न राज्यलक्ष्मीदेवी शाहको नामबाट पनि मुद्रा निष्काशन भएका छन्। २०२८ साल माघ १७ गते श्री ५ महेन्द्रको स्वर्गारोहण भएपछि श्री ५ वीरेन्द्र नेपालका राजा भए। श्री ५ वीरेन्द्रको समयमा सुन, चाँदी, पित्तत, तामा, कुप्रोनिकल, आल्मुनियम धातुका धेरैथरि मुद्रा निष्काशन भएका छन्। श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहको नामका मुद्रा समेत श्री ५ वीरेन्द्रको शासनकालमा टकमरी भएका छन्। नेपालका वर्तमान महाराजाधिराज श्री ५ ज्ञानेन्द्र वीरविक्रम शाहदेवका नाममा समेत मुद्रा टकमरी भइसकेका छन्। यस लेखमा शाहकालीन नेपाली राजनीतिक व्यवस्थामा निष्काशन भएका मुद्राका विशेषता मुख्य शोधसमस्याको विश्लेषणमा केन्द्रित रहेको छ भने यही मुख्य समस्याको निराकरणमा केन्द्रित यस लेखमा यस उद्देश्यको पूर्तिलाई प्रमुख उद्देश्य बनाइएको छ। यो लेख शाहकालीन नेपाली मुद्राका विशेषताका सम्बन्धमा अध्ययन गर्न चाहने अध्येताका लागि उपयोगी रहेको छ।

## अध्ययनविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ। यस लेखको सामग्रीको स्रोत पुस्तकालय हो भने यसमा विश्लेषण भएका द्वितीयक स्रोतअन्तर्गत पुस्तकालय र पूरातत्त्व विभागमा सङ्गृहीत र सङ्कलित सामग्री हुन्। यस लेखमा शोध्यविषयसँग सम्बन्धित पूर्वाध्यायन भएका ग्रन्थ, लेख र पत्रपत्रिकाहरूमा भएका सामग्रीलाई आधारमानी नेपालको राजनीतिक इतिहासअन्तर्गन मध्यकालीन अवधिमा रानीका नाम उल्लेख भएका मुद्रा तथा तिनमा रानीको नाम उल्लेख हुनुको आधार र कारणसम्बन्धी तथ्यका आधारमा विश्लेषण गरिने भएकाले यो विषयवस्तुको विश्लेषणमा केन्द्रित अधययन रहेको छ। यस लेखमा मध्यकालीन नेपालको इतिहासमा रानीका नामोल्लिखित मुद्रा विषयक परिचर्चाका अतिरिक्त अन्य विषय सीमाङ्कन हो भने यस लेखको अध्ययनबाट नेपाली इतिहास, संस्कृति र पूरातत्त्वसँग सम्बन्धित नेपाली मुद्रामा नारीको नाम उल्लेख भएका मुद्राको विषयमा जानकारी र संज्ञान लिनचाहने सबै प्रकारका पाठक र अनुसन्धानकर्ता लाभान्वित हुने भएकाले यसको प्राज्ञिक औचित्यको पुष्टि हुन्छ।

## नतिजा र विमर्श

नेपालमा शाहवंशी शासकहरूको करीब २५० वर्ष लामो शासनकालमा निष्काशित मुद्रालाई यहाँ शाह कालीन मुद्रा भनिएको छ। नेपाली राजनीतिक इतिहासमा शाह काललाई आधुनिक नेपालको आरम्भ भएको मानिन्छ भने विभिन्न टुक्रामा विभाजित नेपाल राज्यलाई अविभाज्य र एकीकृत राज्यमा परिणत गर्ने कार्यको आरम्भ पनि यसै युगको देन हो। नेपालमा मुद्रा प्रकाशन गरी आर्थिक गतिविधि सञ्चालन गर्ने प्रथा लिच्छवि र मल्ल कालदेखि नै भए पनि नेपाली मुद्रालाई आधुनिक स्वरूप दिनका लागि शाह कालको महत्त्वपूर्ण भूमिका रहेको छ। परम्परागत रूपमा धानुका मुद्रा प्रकाशन गरी आर्थिक गतिविधि सञ्चालन गर्ने मल्लकालीन परम्पराको निरन्तरता स्वरूप धातुका मुद्रा प्रकाशनबाट आरम्भ भएको शाहकालीन मुद्रा व्यवस्थापन पद्धतिमा कालक्रमिक रूपमा सुधार भई कागजी मुद्राको

आरम्भ पनि यही युगबाट भएको हो । नेपाली मुद्राको इतिहासमा शाह शासकद्वारा निष्काशित मुद्राहरूको धातु, लेख, प्रयुक्त चिन्न आदि सबै पक्षको अध्ययन गर्दा यिनका निम्नलिखित विशेषताहरू औल्याउन सकिन्छ-

**शाह कालीन मुद्राहरू एउटा धातुका मात्र छैनन्**

शाह कालीन मुद्राहरू लिच्छवि कालका मुद्रा भै तामाबाट मात्र र मल्लकालका मुद्राझैं चाँदीबाट मात्र निर्मित नभएर विविध धातुबाट निर्मित छन् । पृथ्वीनारायण शाहको समयदेखि सुरेन्द्र विक्रम शाहको समयसम्म सुन, र चाँदीका मुद्रा पाइन्छन् भने सुरेन्द्रको समयबाट सुन, चाँदीका अतिरिक्त तामाका दुई पैसा, पैसा, दाम, फुकादाम मूल्यका मुद्राहरू पनि निष्काशित भएका छन् (रोड्स र अन्य, सन् १९८९, पृ. १०९) । यस्तै श्री ५ महेन्द्रका सुन, चाँदी र तामा बाहेक पित्तल, कुप्रोनिकल, र आल्मुनियम धातुका मुद्रा पनि पाइएका छन् । पृथ्वीनारायण शाहदेखि त्रिभुवनको समयसम्म सुनबाट स्मारक मुद्रा र चाँदीबाट चलनचल्तीका मुद्रा निर्माण हुँदै आएकोमा महेन्द्रको समयबाट सुन चाँदीबाट स्मारक मुद्रा तथा युप्रोनिकल, तामा, पित्तल आल्मुनियम धातुबाट मात्र चलन चल्तीका मुद्रा निर्माण गर्न थालियो श्री ५ वीरेन्द्रको समयमा आरम्भमा चल चल्तीका लागि कुप्रोनिकल एवम् आल्मुनियमका मुद्रा निर्माण गरिएकोमा पछिल्लो समयमा पित्तल र आल्मुनियमका मुळे निर्माण गरियो । यसै अनुरूप वर्तमान महाराजाधिराज श्री ५ ज्ञानेन्द्रको नामबाट समेत पित्तलका मुद्रा निष्काशित भएका छन् । यस्तै त्रिभुवनको समयसम्म सम्पूर्ण मुद्रा धातु निर्मित हुन्थे । तर त्रिभुवनको समयबाट बढी मूल्यका कागजी मुद्रा र कम मूल्यका मात्र धातु मुद्रा निर्माण गर्न थालियो ।

**शाह कालीन सबै मुद्रा गोलाकार छन्**

नेपालमा लिच्छवि कालदेखि नै गोलाकार मुद्रा निर्माण हुदै आएको पाइने भए पनि मल्ल कालमा आयाताकार वर्गाकार, एवम् त्रिकोणाकार मुद्राहरू पनि निर्माण भएका पाइन्छन् । मल्ल कालमा कान्तिपुरका प्रताप मल्ल, र पार्थिवन्द्र मल्ल तथा पाटनका योगनरेन्द्र मल्लका आयाताकार एवम् वर्गाकार र पाटनका योगनरेन्द्र मल्लका त्रिकोणाकार मुद्रा पाइएका छन् (रोड्स र अन्य, सन् १९८९, पृ. १०९) । तर, शाहकालका पृथ्वीनारायण शाहदेखि वर्तमान महाराजाधिराज श्री ५ ज्ञानेन्द्रसम्मका सबै प्रकारका मुद्र गोलाकार मात्र छन् ।

**मुद्रा प्रसारक राजाको नाम अङ्कित छ**

नेपालमा लिच्छवि कालीन तामाका मुद्रा सबैमा प्रसारक राजाको नाम अङ्कन भएको पाइँदैन । तर, मल्ल कालका प्राय सबै मुद्रामा प्रसारक राजाको नाम स्पष्टरूपमा अङ्कन भएको पाइन्छ। नेपाल अधिराज्यका प्रथम शाहवंशीय राज पृथ्वीनारायण शाहले मल्ल शासकका मोहर मुद्राकै अनुकरणमा आफ्नो नामबाट मुद्रा निष्काशन गरेका हुँदा यिनले पनि आफ्नो नाम राखी मुद्रा निष्काशन गरे। पछि उनका उत्तराधिकारीहरूले पनि आफ्ना पुर्खाकै अनुकरणमा आ-आफ्न नाम अङ्कन गराई मुद्रा निष्काशन गरे। आरम्भिक राजाहरूले आफ्नो नाममा अगाडि एक, दुई वा तीन श्री प्रयोगा तीन गरिएको पाइन्छ भने सुरेन्द्र वीरविक्रम शाहको समयदेखि राजाका लागि श्री ५ को प्रयोग गरिएको पाइन्छ ।

**सबै मुद्रामा मिति अङ्कित छ**

नेपालका आरम्भिक मुद्रा अर्थात् लिच्छवि कालका कुनै पनि मुद्रामा मुद्रा टकमरी भएको मिति अङ्कित भएको छैन । मध्य कालका आरम्भिक मुद्रामा पनि मिति अङ्कन भएको नपाइने भए पनि प्रताप मल्लको समयदेखिका सबैजसो मुद्रामा मिति अङ्कन भएको पाइन्छ। नेपालमा मुद्रा प्रसारण गर्ने प्रथम शाह शासक पृथ्वीनारायण शाहका मुद्रामा पनि आरम्भदेखि नै मिति अङ्कन भएको पाइन्छ भने पृथ्वीनारायणका उत्तराधिकारी अन्य सबै शाहवंशी राजाहरूले पनि आफ्ना मुद्रामा मिति अङ्कन गराएको पाइन्छ । तर नेपालका शाह कालीन मुद्रामा मूलरूपमा दुई प्रकारको सम्बत्को प्रयोग भएको छ । पृथ्वीनारायण शाहदेखि पृथ्वी वीरविक्रम शाहसम्मका सबै मुद्रामा शक सम्बतको प्रयोग भएको छ। पृथ्वी वीरविक्रम शाहका सुन, चाँदीका मुद्रामा शक सम्बतको प्रयोग भएको पाइन्छ । तर तामाका सबै मुद्रामा विक्रम सम्बत्को प्रयोग भएको छ । यिनका वि.सं. १९४५ देखिका तामाका मुद्रा पाइएका छन् (रोड्स र अन्य, सन् १९८९, पृ. १०९) । त्रिभुवनको समयदेखिका सबै मुद्रामा विक्रम सम्बतकै प्रयोग हुदै आएको छ । तर, अन्तराष्ट्रिय संघ सँगठनहरूका विभिन्न गतिविधिमा नेपालको पनि सहभागिता देखाउन तथा नेपालकै तर्फबाट अन्तराष्ट्रिय स्तरका कार्यक्रम संचालन गर्दा स्मारकका रूपमा टकमरी भएका मुद्रामा भने विक्रम सम्बत्का साथमा ईश्वी सम्बत्को पनि प्रयोग

भएको पाइन्छ। श्री ५ महेन्द्रको समयमा सर्वप्रथम २०२५ मा विश्व खाय तथा कृषि संस्था दिवसका अवसरमा नेपालले 'FOOD FOR ALL 1968 NEPAL अभिलेख अङ्कित मुद्रा टकमरी भएको थियो (जोशी, २०४२, पृ. ११५)। श्री ५ वीरेन्द्रको समयमा २०३८ मा अन्तराष्ट्रिय अपाङ्ग वर्षका अवसरमा, यसै साल विश्व खाद्य दिवसका उपलक्ष्यमा ई. सन् १६८१ अङ्कन गरिएको छ । २०३६ सालमा अन्तराष्ट्रिय स्काउट गतिविधिको ७५ औ वार्षिकोत्सव अवसरमा, २०५२ सालमा संयुक्त राष्ट्र संघको पचासौं वार्षिकोत्सव अवसरमा तथा नेपाल स्वयंले आयोजना गरेको नेपाल भ्रमण वर्ष १९९८ का अवसरमा ईश्वी सम्बत्को प्रयोग गरी मुद्रा निष्काशन गरेको पाइन्छ।

**देवनागरी लिपिको प्रयोग भएको छ**

नेपालका लिच्छवि कालीन मुद्रामा ब्राहमी लिपिबाट विकसित गुप्त एवम् कुटिला लिपि (नेपाली नाम पूर्व लिच्छवि र उत्तर लिच्छवि लिपि) को प्रयोग भएको पाइन्छ भने मल्ल कालीन मुद्रामा नेवारी लिपिको प्रयोग भएको पाइन्छ। नेपालमा मुद्रा प्रसारण गर्ने प्रथम शाहवंशी राजा पृथ्वीनारायण शाहले मल्ल मुद्राकै अनुकरणमा मुद्रा निष्काशन गरेका भए पनि आफ्ना मुद्रालाई मल्ल मुद्रा भन्दा भिन्न देखाउन देवनागरी लिपिको प्रयोग गरेका थिए भन्ने चर्चा पहिल्यै गरिसकिएको छ । नेपालका शाहवंशीय शासकहरू पृथ्वीनारायण शाहदेखि वर्तमान श्री ५ ज्ञानेन्द्र सम्मका सबैजसो मुद्रामा देवानागरी लिपिकै प्रयोग हुँदै आएको छ। तर पृथ्वीनारायण शाह, प्रतापसिंह शाह, रणबहादुर शाह, र गीर्वाणयुद्ध विक्रम शाहका अरेविक लिपिका अभिलेख भएका मुद्राको विवरण केही विद्वान्हरूले प्रस्तुत गरेका छन् (रोड्स र अन्य, सन् १९८९, पृ. १०९)। यस्तै श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रका अन्तराष्ट्रिय संघ सँगठनका गतिविधिका स्मारकका रूपमा टकमरी भएका मुद्रामा रोमन लिपिको पनि प्रयोग भएको पाइन्छ

**धार्मिक चिह्न एवम् इष्टदेवी देवताको नाम अङ्कित छ**

नेपालमा लिच्छवि कालदेखि नै मुद्रामा विभिन्न धार्मिक चिह्नहरू अङ्कन गर्ने तथा देवी देवताप्रति सम्मान भाव दर्शाउदै देवी देवताका नाम मुद्रामा अकित गर्ने गरिएको पाइन्छ। मध्य कालमा पनि यो परम्परा कायमै रहयो। यसै अनुरूप शाह कालीन मुद्रामा पनि विभिन्न धार्मिक चिह्न एवम् देवदेवीका नाम अङ्कन गर्ने गरिएको पाइन्छ । शाहकालीन मुद्रामा आरम्भदेखि नै त्रिशुल, खड्ग, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, स्वस्तिक चिह्नजस्ता धार्मिक चिह्नले स्थान पाउँदै आएका छन्। श्री ५ वीरेन्द्रको समयमा पित्तल निर्मित मुद्रामा पृष्ठ भागमा विभिन्न प्राचीन मन्दिर, देवदेवीका आकृति आदि अङ्कन भएको पाइन्छ। मुद्रामा देवदेवीका नाम अहित गर्ने प्राचीन नेपाली परम्परा अनुरूप नै शाहकालीन मुद्रामा आरम्भदेखि नै 'गोरखनाथ' 'भवानी' को नाम अङ्कित हुँदै आएको पाइन्छ। गोरखनाथ शाहवंशीय शासकहरूका इष्टदेव र भवानी इष्टदेवी हुन्। त्यसैले यी दुवै देवदेवीका नाम शाह कालीन मुद्रामा हालसम्म पनि अङ्कन हुँदै आएको छ। पृथ्वीनारायण शाहका एकथरी मुद्रामा 'लोकनाथ' अङ्कित छ (वाल्स, सन् १९९०, पृ. १९)। यस्तै नरेन्द्रलक्ष्मीका नामांकित एकथरी मुद्रामा 'मच्छेन्द्र' र 'दुर्गा' को नाम अङ्कित भएको छ (रोड्स र अन्य, सन् १९८९, पृ. १२८)। प्रतापसिंहका मुद्रामा भवानीको स्थानमा 'गुह्येश्वरी' छ भने पृथ्वी वीरविक्रम एवम् त्रिभुवनका केही मुद्रामा 'पशुपति' अभिलेख पाइन्छ। श्री ५ वीरेन्द्रका पछिल्लो समयका केही पित्तलका मुद्रामा पृष्ठभागमा परम्परागत रूपमा चलिआएका भवानी र गोरखनाथको नाम अङ्कित नगराई नेपालका प्रसिद्ध मन्दिरको चित्र एवम् नाम अङ्कित गराइएको पाइन्छ। श्री ५ ज्ञानेन्द्रका आरम्भिक पित्तले मुद्रा पनि वीरेन्द्रका उपरोक्त मुद्राकै अनुकरण देखिन्छन्।

**राजाबाहेक रानी, राजमाता, युवराज एवम् नायवी चलाउनेको नाम पनि अङ्कित छ**

नेपालमा लिच्छवि राजा मानदेवका श्रीमानाङ्क मुद्रामा महारानी श्रीभोगिनीको नाम अङ्कन भएको छ (जोशी, २०३३, पृ. १९)। मल्लकालमा दोलखाका इन्द्रसिंहदेव, कान्तिपुरका प्रतापमल्ल, पार्थिवेन्द्र मल्ल, महिन्द्रसिंहदेव, जगज्जय मल्ल, जयप्रकाश मल्ल, ज्योतिप्रकाश मल्ल, पाटनका श्रीनिवास मल्ल, योगनरेन्द्र मल्ल, लोकप्रकाश मल्ल, इन्द्रमल्ल, वीरनरसिंह मल्ल, महीन्द्र मल्ल, एवम् राज्यप्रकाश मल्लका मुद्राहरूमा रानी एवम् राजमातांहरूका नाम अडित भएको पाइन्छ (ओझा, २०५८, पृ. १०२-१०८)। कान्तिपुरका भूपातेन्द्र मल्लका एकथरी मोहरमा चौतारा "लक्ष्मीनारायण को नाम अङ्कित छ भने भक्तपुरका जगतप्रकाश मल्लका मुद्रामा 'चन्द्रसेखर' र जितामित्रका मुद्रामा 'जगतचन्द्र' जस्ता चौतारा समेतको नाम अङ्कित भएको छ (रोड्स र अन्य, सन् १९८९, पृ. ९०,

११३, ११४) । यस्तै महीपतेन्द्र मल्ल एवम् ज्योतिप्रकाश मल्लका केही मुद्रामा पुर्खाहरूको नाम समेत अङ्कित भएको पाइन्छ । शाहवंशी राजाहरूका मुद्रामा मल्ल मुद्रामा जस्तो मन्त्रीहरूको नाम अड्डित भएको नपाइने भए पनि रानी, राजमाता एवम् युवराजको नाम अङ्कित भएको पाइन्छ । पृथ्वीनारायण शाहका मुद्रामा रानी नरेन्द्रलक्ष्मी, प्रताप सिंहका मुद्रामा रानी राजेन्द्रलक्ष्मी, रणबहादुर शाहका मुद्रामा रानी राजेश्वरीदेवी, गीर्वाण युद्धका मुद्रामा रानी सिद्धिलक्ष्मी एवम् गोरक्षराज्यलक्ष्मीदेवी, राजेन्द्रविक्रमका मुद्रामा रानी साम्राज्य राज्यलक्ष्मीदेवी, सुरेन्द्र विक्रमका मुद्रामा रानी त्रैलोक्य राज्यलक्ष्मीदेवी, सुरराज्यलक्ष्मीदेवी, देवराज्य लक्ष्मीदेवी, र पुण्यकुमारी राजलक्ष्मीदेवी, श्री ५ महेन्द्रका मुद्रामा रानी रत्नराज्यलक्ष्मीदेवी तथा श्री ५ वीरेन्द्रका मुद्रामा रानी ऐश्वर्यराज्यलक्ष्मी देवीको नाम अङ्कित छ । शाह कालीन मुद्रामा नावालक राजाको संरक्षक बनी नायवी चलाउने राजमाताहरूको नाम पनि अकित भएको पाइन्छ। रणबहादुर शाहका मुद्रामा राजमाता राजेन्द्रलक्ष्मी, गीर्वायुद्धका मुद्रामा संरक्षक बनी नायवी चलाउने राजमाताहरू राजराजेश्वरीदेवी, सुवर्णप्रभादेवी र ललितत्रिपुरसुन्दरीदेवी, राजेन्द्रका मुदामा संरक्षिका हजुरआमा ललितत्रिपुरसुन्दरीदेवी, त्रिभुवनका मुद्रामा राजमाता लक्ष्मी दिव्येश्वरीको नाम अङ्कित भएको पाइन्छ । यस्तै सुरेन्द्रका स्वर्णमुद्रामा युवराज त्रैलोक्यको नाम अङ्कित भएको पाइन्छ ।

**मूल्य अङ्कित छ**

नेपालमा लिच्छवि काल र मल्लकालका मुद्रामा मूल्य अङ्कित भएको पाइँदैन । सम्भवतः मुद्राको भारका आधारमा त्यसको मूल्य निर्धारण गरिन्थ्यो वा अलग मूल्यका लागि फरक फरक तौलका मुद्रा निर्माण गरिन्थ्यो । शाहकालमा पनि पृथ्वीनारायण शाहदेखि पृथ्वी वीरविक्रम शाहसम्मका मुद्रामा मूल्य अङ्कित भएको पाइँदैन । मूल्य अनुसार फरक तौलका मुद्रा निर्माण गरिन्यो । तर पृथ्वीवीरविक्रमका केही ताम्र मुद्रामा '१६ पैसा' '३२ पैसा' अभिलेख अङ्कित भएको पाइन्छ (जोशी, २०४२, पृ. १३३) । त्रिभुवनका समयदेखि प्रायः सबै प्रकारका मुद्रामा मूल्य अङ्कित गर्न थालियो । श्री ५ महेन्द्र, श्री ५ वीरेन्द्र तथा वर्तमान महाराजाधिराज श्री ५ ज्ञानेन्द्रका मुद्रामा पनि मूल्य अङ्कित भएको पाइन्छ ।

**राज्यको नाम अङ्कित छ**

नेपालमा लिच्छवि कालीन अभिलेखहरूमा 'नेपाल' आदि नेपालबोधक शब्दको प्रयोग भएको पाइने भए पनि यसकातका मुद्रामा देश बोधक शब्दको प्रयोग भएको पाइँदैन । मल्लकालमा दोलखाका मुद्रामा 'दोलखाधिपति', महेन्द्रमल्लका मुद्रामा 'काष्ठमण्डपस्याधिपति' पार्थिवेन्द्र मल्लका मुद्रामा 'नेपालेन्द्र', भाष्कर मल्ल, महीन्द्रसिंहदेव, जयप्रकाश मल्ल आदि कान्तिपुरका मुद्रामा नेपालका राजा बुझाउने पदवी 'नेपालेश्वर' अभिलेख अङ्कित पाइने भएपनि स्पष्ट रूपमा देशको नाम अङ्कित भएको पाइँदैन । शाहकालका पनि आरम्भिक मुद्रामा देशको नाम अङ्कित भएको देखिदैन । तर सुरेन्द्रको समयका केही तामाका मुद्रामा नेपालकै इतिहासमा पहिलो पटक स्पष्ट रूपमा 'नेपाल सरकार' अभिलेख उत्कीर्ण गरिएको छ । पृथ्वीवीर विक्रमका तामाका मुद्रामा केहीमा 'नेपाल सरकार' र केहीमा 'गोर्षा सरकार' अभिलेख अङ्कित्त भएको छ (जोशी, २०४२, पृ. १३३) । त्रिभुवनका आरम्भिक समयका सुनचाँदीका मुद्रामा पनि यस्तो अभिलेख छैन, तामाका सबै मुद्रामा 'नेपाल' अभिलेख पाइन्छ । तर २०११ सालका सबै मुद्रामा 'नेपाल सरकार' वा 'नेपाल' उल्लेख भएको पाइन्छ । श्री ५ महेन्द्र, श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रका सबै प्रकारका मुद्रामा 'नेपाल' अभिलेख अङ्कित भएको छ ।

**साँचो एवम् यन्त्रको प्रयोग गरी निर्माण गरिएका छन्**

नेपालमा लिच्छवि काल एवम् मल्लकालमा माटोको साँचोमा पगालिएको धातु खन्याएर मुद्रा निर्माण गरिन्थ्यो । आरम्भिक शाहकालमा पनि यही परम्परागत मुद्रा निर्माण प्रणाली नै प्रचलित थियो (रेग्मी, सन् १९७५, पृ. २६५) । पृथ्वी वीरविक्रम शाहको पालामा राणा प्रधानमन्त्री रणोद्दीपसिंहले नेपाली मुद्रा बनाउने प्रणालीमा केही सुधार गरी परम्परादेखि चल्दै आएको साँचोमा ढालेर मुद्रा बनाउने प्रणाली तोडी यन्त्रद्वारा मुद्रा निर्माण गर्ने परम्परा कायम गरे जसलाई 'पानी दिकी' प्रणाली भनियो । पानीबाट पानी घट्ट चलाई मकै, गहुँ पिसेकै पानीको सहायताबाट यन्त्र चलाई मुद्रा निर्माण गरिने प्रणाली भएकोले नै यस प्रणालीलाई पानी ढिकी प्रणाली भनिएको हो। धातुका पातालाई यन्त्रद्वारा

फुटेर गलाई दुवैतिर अक्षर बुट्टा निकाली मुद्रा बनाउने मरतो यन्त्र ललितपुरको नख्खु खोलामा राखिएको थियो । यस प्रणालीबाट नेपाललाई आवश्यक पर्ने मुद्रा तयार हुन नसकेपछि वि.सं. १९८६ मा श्री ५ त्रिभुवनको समयमा तत्कालीन राणा प्रधानमन्त्री भीम समशेरले धरहरा नजिकै कोइला र विजुलीबाट चल्ने यन्त्र स्थापना गराई मुद्रा टकमरी गराउन थालियो । आधुनिक मुद्रा निर्माण गर्ने मस टक्सारलाई 'धरहरा टक्सार' भन्ने गरिएको पाइन्छ । २००४ सालमा नेपाली मुद्रालाई स्तरीय बनाउदै लैजान सदर टक्सार विभागको स्थापना गरियो । यसपछि यसै यान्त्रिक टक्सारबाट नेपाली राष्ट्रिय मुद्रा टकमरी हुँदै आएको छ। वि.सं. २०१३ मा श्री ५ महेन्द्रबाट स्तरीय मुद्रा विदेशका ख्यातिप्राप्त टक्सारबाट टकमरी गराउने कार्यको शुरुआत भयो । यस्ता स्तरीय मुद्रा २०२७ र २०२८ मा पनि टकमरी भए (जोशी, २०४२, पृ. १२९) । श्री ५ वीरेन्द्रको समयमा पनि वेलायत, सिंगापुर आदि मुलुकका ख्यातिप्राप्त टक्सारबाट नेपाली स्तरीय मुद्रा टकमरी भएको छ । यसरी शाह कालीन मुद्राहरू आरम्भमा परम्परागत रूपमा साँचोमा पगालिएको धातुको भोत खन्याई जमाएर र पछि स्वचालित यन्त्रबाट निर्माण हुने गरेको हो ।

**विभिन्न तौल र नापका छन्**

आरम्भिक शाह कालमा निश्चित मूल्यका लागि निश्चित तौलका मुद्रा निर्माण गरिन्थ्यो। कम मूल्यका मुद्राका रूपमा कम तौलका र बढी मूल्यका लागि बढी तौलका मुद्राको निर्माण गरिन्थ्यो। निश्थित मूल्यका सबै मुद्राको नाप र तौलको समानतामा बढी सतर्कता अपनाइन्थ्यो। तर गुदामा मूल्य अङ्डित हुन थालेपछि एउटै राजाको समय निष्काशित एकै मूल्यका मुद्राको नाप एवम् तौल पनि फरक फरक हुन थाल्यो । मुद्राको नाप र तीत भन्दा उत्कीर्णित मूल्यको महत्व बढ्न गयो । फलस्वरूप शाहकालका अलग मूल्यका मुद्राको नाप र तौल त फरक छ नै एउटै राजाका समयमा निष्काशित एकै मूल्यका मुद्राको नाप र तौल पनि फरक रहेको पाइन्छ ।

**अलङ्कृत एवम् कलाकारीतापूर्ण छन्**

शाह कालीन नेपाली मुद्रा अंलकरण एवम् कलाकारिताका दृष्टिकोणले पनि उत्कृष्ट छन् । मुद्रालाई आकर्षक बनाउन मुद्रामा अग्र तथा पृष्ठ दुवै भागमा विन्दुयुक्त घेरा, चतुष्कोणाकार घेरा, गोलाकार रेखा, थोप्ले बुट्टाहरू, कमलपाते बुट्टा आदि अङ्कन भएको पाइन्छ । यस्तै मुद्रामा गाई, डाँफे, लालीगुराँस, भालु, गैंडा, भेडा, धान वा वा गहुँका बाता, मानव आकृति, मकराकृति ढुंगेधारा, राजारानीका आवक्ष आकृति आदि आकृति उत्कीर्ण गरी मुद्रालाई कलाकारीतापूर्ण बनाइएको छ । आरम्भिक कालमा माटाको साँचोबाट कमस्तरीय मुद्राहरू निर्माण भएका भए पनि मुद्रा निर्माणमा यन्त्रको प्रयोग हुनथालेपछि उच्चस्तरीय मुद्राको निर्माण भएको पाइन्छ ।

**नेपाली भाषाको क्रमिक विकासको सङ्केत दिन्छन्**

शाह कालीन नेपाली मुद्राले नेपाली भाषा लेखनको क्रमिक विकासतिर पनि सङ्केत गर्दछन् । आरम्भिक शाह कालीन मुद्रामा प्रयोग भएको उही शब्द पछिल्लो समयमा केही भिन्न स्वरूपमा लेखिएको पाइन्छ । पृथ्वीनारायण शाहको समयदेखिकै मुद्रामा पृष्ठभागमा अङ्कित हुँदै आएको 'गोरषनाथ' शब्द पछिल्लो कालमा 'गोरखनाथ' हुन पुगेको छ । यस्तै पृथ्वीवीरविक्रम शाहको समय देखिएका "गोर्षा' र 'सर्कार' पछि क्रमशः 'गोरखा' र 'सरकार' बनेका छन् । यस्तै त्रिभुवनको समयभन्दा अगाडिका मुद्रामा देखिने 'पशुपती' त्रिभुवनको समयदेखि 'पशुपति' भएको छ । शाह कालीन नेपाली मुद्राका यस्ता लेखनका उदाहरणबाट नेपाली भाषा लेखनको विकास बारे जानकारी पाइन्छ । उपरोक्त बाहेक मुद्रामा प्रयुक्त चिह्न, तेल, फूलबुट्टा, भाषा आदिका माध्यमबाट शाह कालीन नेपाली मुद्राले नेपाली मौलिकपन झल्काउँछन् ।

**निष्कर्ष**

नेपाली मुद्रासम्बन्धी औपचारिक इतिहासका आधारमा दोलखाली राजा इन्द्रसिंहदेवबाट आरम्भ भएको मुद्रा प्रकाशन र उपभोगको परम्परा नेपाली राजनीतिक र आर्थिक क्षेत्रमा निरन्तर विकसित रही वर्तमानसम्म गतिशील रहेको देखिन्छ । आधुनिक नेपालको राजनीतिक इतिहासमा अविच्छिन्न २५० वर्ष शासन गर्ने राजनन्त्रात्मक शाहवंशीय शासन कालमा नेपाली मुद्राले पनि आधुनिक स्वरूपसहित विकसित हुने अवसर प्राप्त गरेको हो । शाहकालीन नेपाली मुद्रा राजतन्त्रीय शासन व्यवस्थाको प्रतिबिम्बनका अतिरिक्त नेपाली भूगोल, संस्कृति सम्पदा तथा यिनमा विद्यमान

विविधताको प्रतिकृति प्रस्तुत गर्ने सन्दर्भमा विविधतायुक्त विशेषताको प्रतिबिम्बन गरी निष्काशन भएका देखिन्छन् । आधुनिक नेपाली मुद्राको सारस्वरूप तथा यसको प्रतिकृति निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्ने शाहकालीन नेपाली मुद्रा असमान मूल्यका साथै परम्परागत संरचनाभन्दा भिन्न गोलाकार तथा तत्कालीन राजाको नामाङ्कनका अतिरिक्त देवनागरी लिपिको प्रयोग भई निष्कासन भएका देखिन्छन् । शाहकालीन नेपाली मुद्रामा नेपाली संस्कृति र सम्पदाको प्रतिबिम्बनका साथै राजकाजसँग प्रत्यक्ष सम्बन्धित रहेका दरबारियाहरू राजा, राजाको नाममा नायबी चलाउने व्यक्ति, राजमाता र युवराजको नाममा टकमरी भई प्रकाशन र उपयोग भएको देखिन्छ । शाहकालीन नेपाली मुद्रामा विभिन्न एकाइ र मूल्यका मुद्राको वर्गीकरण तथा त्यसको निर्माणका लागि परम्परागत टकमरीका स्थानमा मुद्रा छाप्ने यन्त्रको प्रयोग भई मूल्यसापेक्ष अलग आकृति र तौल भएका मुद्राको निर्माण गर्ने प्रथाको पनि आरम्भ भएको हो । नेपाली संस्कृति, विविधता र सौस्कृतिक पहिचानलाई एकात्मक स्वरूप दिई निष्कासन भएका यस कालका मुद्रामा नेपाली भाषाको ऐतिहासिक विकासको प्रतिरूप प्राप्त गर्नसकिन्छ भने विभिन्न प्रकारका मूल्यका साथै कागजी नोटको प्रकाशन गर्नु यस शाहकालको महत्त्वपूर्ण प्राप्ति मान्न सकिन्छ । यसरी नेपालमा पृथ्वीनारायण शाहदेखि वर्तमान श्री ५ ज्ञानेन्द्रसम्म अस्तित्वमा रहेको नेपाली मुद्राको ऐतिहासिक अध्ययनबाट मुद्रामा धातुको विविधता, गोलाकार, राजाको नाम अङ्कित हुनु, मिति अङ्कित हुनु, देवनागरी लिपिको प्रयोग भएको पाइनु, धार्मिक प्रभाव पाइनु, राज्यको नाम अङ्कित भएको पाइनु, साँचो एवम् यन्त्रको प्रयोगद्वारा निर्मित हुनु, कलाकारितापूर्ण हुनु जस्ता अनेक विशेषताहरू निहित रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ ग्रन्थहरू


आर्चाय, बाबुरामः (२०५५). *अब यस्तो कहिल्यै नहोस्*, श्रीकृष्ण आचार्य ।

उपाध्याय, श्री रामप्रसाद (२०५५). *नेपालको समीक्षात्मक इतिहास*, साझा प्रकाशन ।

ओझा, केदारप्रसाद (२०५८). 'रानीका नामाङ्कित मध्यकालीन नेपाली मुद्राहरू', *अन्वेषण*, १(१), इतिहास र संस्कृति विभाग, स्नातकोत्तर क्याम्पस ।

कर्कपट्रिक, विलियम (सन् १९८६). *एन एकाउण्ट अफ दि किङडम अफ नेपाल*, एसियन एजुकेशनल सर्भिस ।

जोशी, सत्यमोहन (२०४२). *नेपाली राष्ट्रिय मुद्रा*, साझा प्रकाशन ।

जोशी, हरिराम (वि.सं. २०३३). *उत्तर प्राचीनकालीन मुद्रा*, साझा प्रकाशन ।

ज्ञवाली, सूर्यविक्रम (२०३४). *इतिहासका कुरा*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ढुङ्गेल, रमेश (२०४४). *प्राचीन अर्थव्यवस्था*, शारदाप्रसाद उपाध्याय ।

ढुङ्गेल रमेश र प्रधानाङ्ग ऐश्वर्यलाल (२०५६). *काठमाडौं उपत्यकाको मध्यकालीक आर्थिक इतिहास*, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि. ।

थापा, कृष्णबहादुर, तिमिल्सिना, पार्थिवश्वर र दाहाल, मदनकुमारः वि.सं. (२०५४). *आधुनिक नेपालको आर्थिक इतिहास*, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि वि. वि. ।

रेग्मी, डि. आर. (सन् १६७५) . *मोडर्न नेपाल* भाग १, के. एल. मुलोपाध्याय ।

रोड्स, एन.जी., म्यायरिस, के र भान्देत्तारो, सी. (सन् १९८९). *दि क्याइनेज अफ नेपाल*, रायत न्यु मिस्मिटीक सोसाइटी ।

वजाचार्य, धनबज्र र श्रेष्ठ, टेकबहादुर (२०३७). *शाहकालका अभिलेख*, नेपाल र एसियाती अध्ययन संस्थान ।

वाल्ला, इ. एच. (पुनर्मुद्रण सन् १६६०). *दि क्याइनेन अफ नेपाल*, दिल्लीः लोप्राइस पब्लिकेशन ।